मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : ३२ ◆ अङ्क : ९४ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८२ फागुन ७ गते बिहीबार (Thursday, 19 February. 2026) नेपाल सम्वत् ११४६ Web : www .purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## विभिन्न देश पठाउने भन्दै ४४ लाख ठगी

**काठमाडौँ, फागुन ६।** प्रहरीले वैदेशिक रोजगारीका लागि विभिन्न देशमा पठाइदिने भन्दै रु. ४४ लाख ७० हजार ठगी गरेको अभियोगमा तीन जनालाई पक्राउ गरी सार्वजनिक गरेको छ ।

पक्राउ पर्नेमा काठमाडौँ महानगरपालिका-८ बस्ने २६ वर्षीया सरस्वती श्रेष्ठ, काठमाडौँ महानगरपालिका-३० बस्ने ३८ वर्षीय दीपेश श्रेष्ठ र खोटाङ केपिलासगढी गाउँपालिका-२ बस्ने ४८ वर्षीय मनिराज राई रहेका काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयका

*(बाँकी अन्तिम पृष्ठमा)*

# झापा ३ र ५मा रास्वपाको ‘खाली कुर्सी’ राखेर बहस

**झापा, फागुन ६।** झापाका दुई निर्वाचन क्षेत्र–५ र ३ मा आयोजित सार्वजनिक बहस कार्यक्रमले चुनावी माहोललाई नयाँ बहसतर्फ मोडेको छ । दुवै क्षेत्रमा रास्वपा उम्मेदवार अनुपस्थित भएपछि ‘खाली कुर्सी’ नै चुनावी प्रतीकजस्तै बनेसँगै चुनावी माहोल नयाँ बहसतर्फ मोडिएको हो ।

झापा-५मा प्रतिनिधिसभा सदस्यका लागि केपी शर्मा ओली र बालेन्द्र शाहबीचको प्रतिस्पर्धाले राष्ट्रिय चासो बनेको छ । राष्ट्रिय स्वतन्त्र पार्टीले भावी प्रधानमन्त्रीको दाबेदारका रूपमा अघि सारेका बालेन सार्वजनिक बहसमा नआएपछि राजनीतिक वृत्तमा तीखो प्रतिक्रिया आएका छन् ।

पत्रकार विजय पौडेलले सञ्चालन गरेको बहसमा नेपाली कांग्रेसकी मन्धरा चिमरिया, नेपाल कम्युनिष्ट पार्टीका रञ्जित तामाङ, नेपाल जनमुक्ति पार्टीका पदमबहादुर जबेगू र जनता समाजवादी पार्टीका धीरेन सुब्बालगायत सहभागी भए । तर, बालेनका लागि राखिएको कुर्सी कार्यक्रमभर खाली रह्यो ।

वरिष्ठ पत्रकार किशोर श्रेष्ठले बालेनको अघिल्लो राजनीतिक आचरणदेखि वर्तमान मौनतासम्मका विषय उठाउँदै सार्वजनिक रूपमा प्रश्न गरेका थिए । उनले पार्टी प्रतीक प्रयोग, बालकोट भेट, विवादित व्यापारीसँग सम्बन्ध, प्रचार टोलीका सदस्य दिनेश सिटौलाको मृत्यु प्रकरणलगायत विषय उठाएका थिए ।

राजनीतिक विश्लेषक गिरिश भट्टराईका अनुसार नेतृत्व दाबी गर्ने व्यक्ति प्रश्नबाट टाढा बस्नु दीर्घकालीन रूपमा विश्वास घटाउने संकेत हो । प्रश्नबाट भाग्नु भनेको जनउत्तरदायित्वबाट भाग्नु हो- उनले टिप्पणी गरे ।

बहसपछि ओलीले सामाजिक सञ्जालमार्फत उम्मेदवारहरू एकै मञ्चमा बसेर नागरिकका प्रश्नको

### झापा ३मा रास्वपा उम्मेदवारमाथि प्रश्नको चाङ



सामना गर्नु लोकतन्त्रको आधार भएको उल्लेख गरे । उनले आलोचनाबाट नभाग्ने दाबी गर्दै खुला बहसलाई स्वस्थ राजनीतिक संस्कृतिको अभ्यासका रूपमा व्याख्या गरे ।

**झापा–३: जेसीज कार्यक्रममा पनि अनुपस्थित**

यस्तै दृश्य झापा-३मा पनि दोहोरियो । जेसीजको आयोजनामा भएको ‘ककस’ कार्यक्रममा प्रकाश पाठक सहभागी भएनन् । कार्यक्रममा रास्वपा केन्द्रित प्रश्नहरू उठे पनि उम्मेदवार अनुपस्थित रहेपछि आयोजकले प्रतीकात्मक रूपमा खाली कुर्सी राखेर कार्यक्रम सञ्चालन गरे ।

फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि झापा निर्वाचन क्षेत्र नम्बर ३ अन्तर्गतका उम्मेदवारहरूलाई गतबिहीबार एउटै मञ्चमा राखेर प्रश्न सोधिएको थियो । जहाँ उम्मेदवारले आफ्ना चुनावी एजेण्डा सार्वजनिक गरेका थिए ।

मतदातासँग प्रत्यक्ष संवाद गर्दै उम्मेदवारहरूले कृषि, शिक्षा, पूर्वाधार, डुवान-कटान नियन्त्रण र सुशासनलाई प्राथमिकतामा राखेर अघि बढ्ने प्रतिबद्धता जनाएका थिए ।

झापा क्षेत्र नम्वर ३ अन्तर्गत रहेका बाह्रदशी, हल्दिवारी, भद्रपुर र र कचनकवल जेसीजको संयुक्त आयोजनामा प्रतिनिधिसभा सदस्य उम्मेदवारसँग प्रत्यक्ष अन्तरसंवाद (ककस)' कार्यक्रम राखिएको थियो ।

हल्दिवारी जेसीजको आतिथ्यमा हल्दिवारीस्थित नेपाल रेडक्रस सोसाइटीको भवनमा आयोजित कार्यक्रममा सहभागी आठ जना उम्मेदवारले आफ्ना चुनावी एजेण्डा राखेका थिए ।

ककस कार्यक्रममा नेपाली कांग्रेसका राजेन्द्रकुमार घिमिरे, नेकपा एमालेका हरिबहादुर राजवंशी, राष्ट्रिय प्रजातन्त्र पार्टीका राजेन्द्र लिङ्देन, नेपाली कम्युनिष्ट पार्टीका डिल्लीराम घिमिरे, उज्यालो नेपाल पार्टीका श्यामकृष्ण पाठक, नेशनल रिपब्लिक पार्टीका जयन मगर, स्वतन्त्र उम्मेदवार अभय राजवंशी र मानप्रकाश संग्रौला सहभागी थिए । तर रास्वपाका उम्मेदवार प्रकाश पाठक सो

*(बाँकी अन्तिम पृष्ठमा)*

## नेपाली कांग्रेसद्वारा प्रतिज्ञापत्र सार्वजनिक



**झापा, फागुन ६।** नेपाली कांग्रेसले आसन्न निर्वाचनलाई लक्षित गर्दै प्रतिज्ञापत्र सार्वजनिक गरेको छ । पार्टीका सभापति गगनकुमार थापाले बुधबार जनकपुरमा आयोजित प्रतिज्ञासभामार्फत प्रतिज्ञापत्रको संक्षिप्त अंश सार्वजनिक गरेका हुन् ।

सभापति थापाले प्रतिज्ञापत्रलाई जनतासँग गरिएको प्रतिवद्धताको दस्तावेज भएको दाबी गर्दै सुशासन, रोजगारी सृजना, शिक्षा-स्वास्थ्य सुधार र संघीयताको प्रभावकारी कार्यान्वयनलाई प्राथमिकतामा राखिएको बताए । उनले बिगतका कमजोरीलाई स्वीकार गर्दै नयाँ कार्यदिशासहित अघि बढ्ने प्रतिवद्धता व्यक्त गरे ।

पार्टीका अनुसार प्रतिज्ञापत्रको पूर्ण पाठ बिहीबार राष्ट्रिय सभागृहमा आयोजना हुने कार्यक्रममा सार्वजनिक गरिनेछ । सोही कार्यक्रममा घोषणापत्रमाथि उठेका प्रश्नहरूको जवाफ सभापति थापाले दिने कार्यक्रम तय गरिएको छ ।

प्रतिज्ञा-पत्रमा आर्थिक स्थायित्व, निजी क्षेत्रसँग सहकार्य, युवालाई उद्यमशीलतामा प्रोत्साहन, कृषि आधुनिकीकरण र पूर्वाधार विकासलाई विशेष प्राथमिकता दिएको बताइएको छ । साथै सामाजिक न्याय, समावेशिता र पारदर्शितालाई केन्द्रमा राखेर कार्यान्वयनयोग्य योजनाहरू अघि सारिएको दावी गरिएको छ ।

कांग्रेसले आगामी निर्वाचनमा बहुमतसहित सरकार गठन गर्ने लक्ष्यसहित स्पष्ट कार्ययोजना प्रस्तुत गरेको जनाएको छ । पार्टीभित्रै घोषणा-पत्रलाई लिएर उठेका जिज्ञासा र आलोचनालाई सम्बोधन गर्दै जनताको विश्वास पुनः जित्ने रणनीति बनाइएको बताइएको छ ।

## स्वीकृति नलिइ पात्रो छापे एक लाखसम्म जरिवाना



**काठमाडौँ, फागुन ६।** नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिको स्वीकृत नलिई भित्तेपात्रे छापे रु. एक लाखसम्म जरिवाना हुने भएको छ ।

समितिले भित्तेपात्रो प्रकाशन गर्दा अनिवार्य रुपमा नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिको अनुमति लिनुपर्ने व्यवस्था गरेको छ । समितिका कार्यकारी निर्देशक लक्ष्मण पन्थीले कानून अनुसार समितिबाट स्वीकृति नलिई पात्रो तथा क्यालेण्डर प्रकाशन गर्न नपाइने बताए ।

समितिबाट स्वीकृत नलिई पात्रो तथा भित्तेपात्रो प्रकाशन गर्न पाइँदैन, यदि कसैले स्वीकृत नलिई पात्रो तथा भित्तेपात्रो प्रकाशन गरे एक लाखसम्म जरिवाना हुन्छ- कार्यकारी निर्देशक पन्थीले भने ।

नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिको गठन आदेश २०७७ को दफा ७ (ञ) र (ढ) मा समितिबाट स्वीकृति लिएर मात्रै पात्रो तथा भित्तेपात्रो प्रकाशन गर्न पाइने भन्ने व्यवस्था छ । उक्त समितिको दिग्दर्शनको परिच्छेद १५मा स्वीकृत नलिइ पात्रो तथा क्यालेण्डर प्रकाशन गरे रु. १० हजारदेखि एक लाख रुपैयाँसम्म जरिवाना हुने व्यवस्था छ । कसैले स्वीकृत नलिइ पात्रो वा क्यालेण्डर प्रकाशन गरेको विषयको अनुगमन गर्ने जिम्मेवारी जिल्ला प्रशासन कार्यालयलाई तोकिएको छ ।

कार्यकारी निर्देशक पन्थीले पात्रो र भित्तेपात्रो प्रकाशन गर्ने सबै संस्था, कम्पनी, निकाय वा व्यक्तिलाई अनिवार्य रुपमा स्वीकृति लिनुपर्ने बताए । बेच्ने प्रयोजनको लागि प्रकाशन गरिएका र निःशुल्क वितरण गर्न लागिएका पात्रो वा भित्तेपात्रो प्रकाशनको लागि अनिवार्य रुपमा स्वीकृति लिनुपर्ने हुन्छ ।

समितिले भित्तेपात्रो प्रकाशनको स्वीकृतिका लागि शुल्क तय गरेको छ । समितिले शैक्षिक संस्थाले प्रकाशन गर्ने क्यालेण्डरको स्वीकृतिका लागि रु. दुई हजार रुपैयाँ, निःशुल्क वितरण गर्न प्रकाशन गरिने क्यालेण्डरको स्वीकृतिका लागि रु. पाँच हजार रुपैयाँ र मूल्य राखेर प्रकाशन गरिने क्यालेण्डर स्वीकृतिमा रु. १० हजार रुपैयाँ शुल्क लाग्ने व्यवस्था गरेको छ ।

## देशभर १५ स्थानमा आगलागीका घटना

**काठमाडौ, फागुन ६।** राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार, यही फागुन ४ गते बिहान १० बजेदेखि पाँच गते बिहानसम्म देशभर कूल १९ वटा विपदका घटना भएका छन् ।

त्यसमा १५ वटा त आगलागीका घटना भएका छन् । असावधानीका कारण आगलागीका घटनामा बृद्धि भएको प्राधिकरणको विवरणमा उल्लेख छ । हिउँदको मौसममा सामान्य सावधानी अपनाउँदा समेत रोक्न सकिने आगलागीका घटना भएको प्राधिकरणले जनाएको छ ।

प्राधिकरणका अनुसार, तेह्रथुम, संखुवासभा, मोरङमा एक/एक आगलागीका घटना हुँदा सिरहा, सर्लाही र स्याङ्जामा दुई/दुई वटा आगलागीका घटना भएका छन् । यस्तै, बारा, पर्सा, रुपन्देही, बझाङमा पनि आगलागीका कारण भौतिक सम्पत्तिको क्षति भएको छ ।

संखुवासभा, सोलुखुम्बू र सर्लाहीमा डढेलोको घटना भए । त्यस्तै, बैतडीमा जनावरको आक्रमण भएको छ । विपद्मा परेर छ जना घाइते भए भने रु. ३४ लाख १२ हजार बराबरको क्षति भएको छ । प्राधिकरणले हिउँदको समयमा सबैतिर सुक्खा हुने र त्यसका कारण आगलागी हुने सम्भावना बढी भएकाले सचेतना अपनाउन आग्रह गरेको छ ।

## सुधार केन्द्रमा महिलाको मृत्यु

**झापा, फागुन ६।** अर्जुनधारा नगरपालिका-११स्थित क्षितिज महिला विकास सुधार केन्द्रमा राखिएकी एक महिलाको उपचारका क्रममा मृत्यु भएको छ ।

जिल्ला प्रहरी कार्यालयका अनुसार शिवसताक्षी नगरपालिका-१० माईधार बस्ने ३२ वर्षीया सुष्मा लिम्बू फागुन ३ गतेदेखि सुधार केन्द्रमा राखिएकी थिइन् । उनलाई मदिरा सेवनका कारण परिवारले सुधार केन्द्रमा राखेको बताइएको छ । मंगलबार बिहान करिब ९:१५ बजे अचानक पेट दुखेपछि उनलाई उपचारका लागि बीएण्डसी अस्पताल लगिएको थियो । उनको उपचारकै क्रममा चिकित्सकले मृत घोषणा गरेको अस्पताल स्रोतले जनाएको छ ।

घटनाबारे जानकारी प्राप्त हुनासाथ इलाका प्रहरी कार्यालय अनारमनीबाट प्रहरी निरीक्षक रुपेश राईको कमाण्डमा टोली खटिएको थियो । प्रहरीले घटनाबारे आवश्यक अनुसन्धान शुरु गरेको जनाएको छ । कानूनी प्रक्रिया पूरा गरी शव परीक्षणका लागि प्रादेशिक अस्पताल पठाइएको प्रहरीले जनाएको छ ।

## सेनाको बस दुर्घटना, २४ जना घाइते

**झापा, फागुन ६।** भोजपुरमा नेपाली सेनाको बस दुर्घटनामा परेको छ ।

बुधबार भोजपुरको भोजपुर नगरपालिका-३ स्थित सेतीबगरमा बस दुर्घटनामा परेको हो । यही फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्यको निर्वाचनका लागि बेस क्याम्प स्थापना गर्न हिँडेको सेना सवार बस दुर्घटनामा परेको प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार सेनाको नयाँ श्रीनाथ गण भोजपुरबाट टेम्केमैयुङका लागि हिँडेको ना४ख ७३१७ नम्बरको बस सडकबाट करिब २०० मिटर तल खसेको थियो । उक्त बस दुर्घटनामा पर्दा २४ जना घाइते भएका छन् । घाइतेमध्ये आठ जनालाई नेपाली सेनाको हेलिकप्टरमार्फत उपचारका लागि काठमाडौं पठाइएको भोजपुर प्रहरीले जनाएको छ ।

## लागूऔषध ओसार्ने सवारीसाधन नियन्त्रणमा

**धनकुटा, फागुन ६।** धनकुटा प्रहरीले लागूऔषध ओसारपसार तथा बिक्रीमा प्रयोग भएका सानाठूला १५ भन्दा बढी सवारीसाधन नियन्त्रणमा लिएको छ ।

लागूऔषध ओसारपसारमा भारतीय नम्बर प्लेटका कारदेखि आकस्मिक सेवाका एम्बुलेन्स समेत प्रयोग भएको पाइएको छ । धनकुटा प्रहरीले लागूऔषध ब्राउनसुगर र गाँजा ओसारपसारमा संलग्न कारोबारीसँगै उनीहरुले प्रयोग गरेका सवारीसाधन नियन्त्रणमा लिएको हो ।

नियन्त्रणमा लिइएका सवारीसाधनमा ४ वटा कार, ४ वटा पिकअप, २ वटा जीप, भन्सार छुटमा ल्याइएका आकस्मिक सेवाका २ वटा एम्बुलेन्स तथा २ वटा ट्रक र मिनिट्रक छन् । यी सवारी साधन बिगत चार आर्थिक बर्षका विभिन्न समयमा पक्राउ परेका कारोबारीसँगै जफत गरिएको धनकुटाका प्रहरी उपरिक्षक शरतकुमार थापा क्षेत्रीले जानकारी दिए ।

कारोबारीहरुले गाँजा ओसारपसारका लागि भारतीय नम्बर प्लेटका गाडीका साथै आकस्मिक सेवाका एम्बुलेन्स समेत प्रयोग गर्दै आएको एसपी थापा क्षेत्रीको भनाइ छ । नियन्त्रणमा लिइएका सवारीसाधन धनकुटा सदरमुकाममा प्रहरीले पहिले प्रयोग गरेको पुरानो कार्यालय रहेको गोकुण्डेश्वर माध्यमिक विद्यालयको उत्तरपट्टि थन्क्याइएको छ । केही सवारीसाधन भने मूलघाट चौकी परिसरमा

*(बाँकी अन्तिम पृष्ठमा)*

## उम्मेदवार एजेण्डाबिहीन, घरदैलोमा भोट माग्दै व्यस्त

**झापा, फागुन ६।** प्रतिनिधिसभा सदस्यका लागि तोकिएको निर्वाचन आउन दुई साता मात्र बाँकी रहँदा दलहरुले अहिलेसम्म घोषणा-पत्र सार्वजनिक गरेका छैनन् ।

निर्वाचन आयोगले फागुन ३ गतेभित्र आफ्ना घोषणा-पत्र सार्वजनिक गरेर आयोगमा बुझाउन निर्देशन दिएपनि ठूला दलले आयोगको निर्देशनको धज्जी उडाएका छन् । २०७९को निर्वाचनमा दोस्रो दल बनेको नेकपा एमालेले यसपटकको निर्वाचनमा अहिलेसम्म पार्टीको घोषणा-पत्र सार्वजनिक गरेको छैन् ।

प्रतिनिधिसभा सदस्यका उम्मेदवारले संसदमार्फत कानून निर्माण गर्ने तथा सरकारको नेतृत्व गर्दै राज्य सञ्चालन गर्नुपर्ने मुख्य दायित्व हो । तर, अहिले दलहरुका उम्मेदवारले स्थानीय तहको झल्को दिनेगरी मतदातासंग मत मागिरहेका छन् । सडक निर्माण, पूर्वाधारको विकास लगायतका विषयलाई उठान गर्दै मतदातालाई दिगभ्रमित गरिरहेका छन् ।




प्रतिनिधिसभा सदस्यले पुल, कल्भर्ट, सडक, बिजुली विस्तार लगायतका एजेण्डा लिएर नागरिकलाई भूलभूलैयामा पारिरहेका छन् । प्रतिनिधिसभा सदस्यको काम कर्तव्य र अधिकारभन्दा पनि स्थानीय आवश्यकतालाई मध्यनजर गर्दै मत आफूतिर तान्न उनीहरुले अनेक उपाय अपनाएको पाइएको छ ।

नेपाली कम्युनिष्ट पार्टीसहित उज्यालो नेपाल, राष्ट्रिय स्वतन्त्र पार्टी लगायतका दलहरुले घोषणा पत्र सार्वजनिक गरेर चुनावी मैदानमा उत्रिएपनि एमालेले अहिलेसम्म घोषणा-पत्र नै सार्वजनिक गरेको छैन् । आफूलाई मुख्य जिम्मेवार दल ठान्ने एमालेले घोषणा-पत्र सार्वजनिक नगरी झापा क्षेत्र नम्बर ५ का विषयलाई मात्र समेटेर एमाले अध्यक्ष खड्गप्रसाद ओलीले झापा ५को घोषणा-पत्र सार्वजनिक गरे । देशभर मजबुत संगठन रहेको दावी गर्ने एमालेले घोषणा-पत्र सार्वजनिक नगरी अध्यक्षको मात्रै निर्वाचन क्षेत्र केन्द्रीत गरेर घोषणा-पत्र सार्वजनिक गर्नु लज्जाको विषय भएको राजनीतिक विश्लेषकहरुको भनाइ छ ।

प्रतिनिधिसभा सदस्य निर्वाचनले देशको आगामी योजना तथा कानून निर्माण अन्तर्राष्ट्रिय सम्वन्ध, सुरक्षा रणनीति लगायतलाई निर्धारण गर्ने भएकाले यो निर्वाचनलाई अन्तर्राष्ट्रिय समुदायले समेत नजिकबाट नियालेको छ । गतभदौ २३ र २४ गते भएको जेन-जी आन्दोलन पछिको विषम् परिस्थितिलाई मध्यनजर गर्दै तोकिएको निर्वाचन निर्धारित समयमा सम्पन्न गर्नुपर्ने सबै पक्षको दायित्व हो ।

निर्धारित समयमा निर्वाचन सम्पन्न नभएमा देश जटिल परिस्थितिमा फस्ने भएकाले ठूला दलले समयमा नै घोषणा-पत्र सार्वजनिक गरेर नागरिकका आम जिज्ञासालाई समेट्नुपर्ने राजनीतिक विश्लेषकहरुको भनाइ छ ।

आगामी फानुन १८ गतेसम्म मात्रै चुनाव

*(बाँकी अन्तिम पृष्ठमा)*



# झापा गोल्डकपः सर्वोत्कृष्ट खेलाडी तामाङ सम्मानित



**अर्जुनधारा, फागुन ६।** हालै सम्पन्न सातौं झापा गोल्डकपका उपाधि बिजेता मच्छिन्द्र फुटबल क्लबमा आबद्ध अर्जुनधारा नगरपालिका-७ निवासी खेलाडी पेमा तामाङ सम्मानित भएका छन्।

अर्जुनधारा नगरपालिका-७ स्थित ओलीज स्क्वायरको प्राङ्गणमा बुधबार आयोजित कार्यक्रममा प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी समेत घोषित उनलाई प्रोत्साहन स्वरुप नगद पुरस्कार पाँच हजारसहित सम्मानित गरिएको हो।

फेसबुक पेज 'गाँउबेसीको माया परदेशीलाई कोशेली'का सञ्चालक एवम् सञ्चारकर्मी चतुर्भुज काफ्लेको समन्वयमा दाताहरु स्थानीय परिचित खुलाल, अर्जुनधारा-५की जानुका कडरिया उप्रेती, अर्जुनधारा-८का प्रज्ज्वल बुढाथोकी र बुद्धशान्ति गाउँपालिका-२की कमला बोहोरा खत्रीले नगद पुरस्कार प्रदान गरेका थिए।

सञ्चारकर्मी काफ्लेको अध्यक्षतामा आयोजित कार्यक्रममा प्रमुख अतिथि अर्जुनधारा प्रेस क्लबका अध्यक्ष रमेश समदर्शी र ओलीज स्क्वायरका सञ्चालक चेतन ओलीले नगद पुरस्कार संयुक्त रुपमा खेलाडी तामाङलाई हस्तान्तरण गरेका थिए। कार्यक्रममा मच्छिन्द्र फुटबल क्लबका अर्का खेलाडी प्रदीप बुढाथोकी, शनिश्चरे फुटबल क्लबका सचिव हरि गुरुङ, सदस्य एजिश खड्कालगायतको सहभागिता रहेको थियो।

# राससको ६५औं वार्षिकोत्सव



**बनियानी, माघ ६।** राष्ट्रिय समाचार समिति (रासस) ले प्रवाह गर्ने समाचार सामग्रीमा थप विविधिकरण गर्नुपर्नेमा जोड दिइएको छ।

राससको ६५औं वार्षिकोत्सवको अवसरमा झापाको भद्रपुरमा आयोजित 'स्थानीय सञ्चारमाध्यम र रासस सेवाग्राही प्रवर्द्धन' विषयक अन्तरक्रियाका सहभागीले समाचार सामग्री थप विविधिकरण गर्नुपर्नेमा जोड दिएका हुन्।

साझामञ्च डटकमका सम्पादक गोपाल काफ्लेले राससले विभिन्न प्रकारका 'बिट पत्रकारिता'लाई प्राथमिकता दिनुपर्नेमा जोड दिए। औपाचारिक समाचारभन्दा पनि खोजमूलक बिट पत्रकारितालाई राससले प्राथमिकता दिन जरुरी छ- उनले भने- यसले राससको सेवाग्राही प्रवर्द्धनमा ठूलो टेवा मिल्नेछ।

नयाँ सन्दर्भ साप्ताहिकका सम्पादक गोविन्दचन्द छेत्रीले कोरोनापछि सञ्चार क्षेत्र संकटपूर्ण अवस्थामा रहेकाले राससले त्यस्ता सञ्चार संस्थालाई ग्राहक बनाउँदा विशेष सहुलियत दिनुपर्नेमा जोड दिए। मान्छेबाट कोरोना हट्यो तर अहिले पत्रपत्रिका कोरोना लागेर आइसीयूमा भर्ना भएको अवस्था छ- उनले भने- यस्तो अवस्थामा रासससँगै सञ्चारमाध्यमहरुको समेत प्रबर्द्धन हुने खालको कार्यक्रम ल्याउन जरुरी छ।

पत्रकार ज्ञानेन्द्र निरौलाले रेडियोका लागि निर्धारण गरिए अनुसारकै शुल्कमा अनलाइन सञ्चारमाध्यमलाई सेवा दिनुपर्नेमा जोड दिए। पत्रकार योगेश खपाङ्गीले समाचारका लागि रासस विश्वसीय स्रोत भएको बताउँदै खोजमूलक समाचारलाई प्राथमिकता दिनुपर्नेमा जोड दिए। उनले राससले कार्टुन पनि प्रकाशन गर्नुपर्ने सुझाव दिए।

पत्रकार लेखनाथ परदेशीले राससले सरकारको भन्दा जनताको समाचार बढी प्रकाशन गर्नुपर्नेमा जोड दिए। त्यस्तै, नौलो आवाज साप्ताहिकका सम्पादक दीपक अधिकारीले पछिल्लो समय राससको गुणस्तर वृद्धि भएको बताउँदै शुल्क घटाउनुपर्नेमा जोड दिए।

अग्रज पत्रकार राजेश ढुंगानाले रासस सरकारी सञ्चार संस्था भएकाले सरकारले नै राससलाई बलियो पार्न लाग्नु पर्नेमा जोड दिए। लोकतन्त्र पोष्टका सम्पादक मोहन काजीले राससको सेवा सस्तो र गुणस्तरीय हुनुपर्ने जोड दिँदै स्थानीय समाचारलाई बढी प्राथमिकता दिनुपर्ने धारणा राखे। स्वतन्त्र आवाज साप्ताहिकका प्रधानसम्पादक देवेन्द्रकिशोर ढुंगानाले विगतको तुलनामा राससमा धेरै सुधार भएको बताए। उनले औपचारिक समाचारभन्दा विश्लेषणात्मक समाचार राससमा आए ग्राहक बढ्ने उल्लेख गरे।

सुखानी सन्देश साप्ताहिकका प्रधानसम्पादक राजु पाठकले कोभिडपछि मिडियाहरु थलिएकाले राससले सेवा शुल्क थप सर्वसुलभ बनाउनुपर्ने बताए। साप्ताहिक समाचारका सम्पादक राजबाबु शंकरले राससको सेवा शुल्क न्यूनतम् र सञ्चारमाध्यम मैत्री हुनुपर्ने बताए। उनले हालको वर्तमान अवस्थालाई बुझेर दररेट कायम गर्नुपर्नेमा जोड दिए।

अन्तरक्रियामा पत्रकार खगेन्द्र भण्डारी, इशा प्रधान, पार्थ मण्डल, जकन राजवंशी लगायतले विभिन्न सुझाव एवम् जिज्ञासा राखेका थिए। रासस भद्रपुरका कार्यालय प्रमुख दीपक चन्दले कार्यक्रममा सहभागीलाई स्वागत गर्नुहुँदै राससले प्रवाह गर्ने सेवा, शुल्कका लगायतका विषयमा जानकारी गराएको कार्यक्रमको सहजीकरण राससकर्मी अम्बिका भण्डारीले गरेकी थिइन्।

# लागूऔषध ओसारपसारः १९ जनाविरुद्ध ६५ मुद्दा दर्ता

**काठमाडौँ, फागुन ६।** नेपाल प्रहरीले गतमाघ महिनामा लागूऔषध कारोबारको अभियोगमा ९९ आरोपीलाई पक्राउ गरेको छ।

जिल्ला प्रहरी परिसर काठमाडौँका अनुसार गत माघ महिनामा काठमाडौँका विभिन्न क्षेत्रमा गरिएको खोजी अभियानका क्रममा सात महिलासहित ९९ जनालाई लागूऔषधसहित पक्राउ गरिएको र उनीहरुबिरुद्ध ६५ वटा मुद्दा दर्ता भएको छ।

परिसरका प्रवक्ता, प्रहरी उपरीक्षक पवनकुमार भट्टराईले उनीरुबाट खैरो हेरोइनमात्रै ५५.१८ ग्राम बरामद भएको छ। यस्तै लागूऔषध ट्रमाडोल मात्रै २३ हजार ३०० ट्याबलेट र नाइट्राजेपाम दुई हजार ८१३ एम्पुल बरामद गरिएको छ। गाँजा २ किलो, डाइजेपाम ९३ एम्पुल, फेनारगन ६२ एम्पुल, नुर्फिन १५१ एम्पुल, नाइट्राभेट १० एम्पुल बरामद गरिएको छ। यस्तै स्पामो १२६ क्याप्सुल, पोल्याण्ड ६७८ ग्राम पनि बरामद गरिएको प्रहरीले जनाएको छ।

काठमाडौँ प्रहरीका अनुसार गएको एक महिनाको अवधिमा आात्महत्याका ३६ घटना भएका छन्। यसमा १९ देखि ३९ वर्षका २७ छन्। आत्महत्या गर्नेमा २४ पुरुष रहेका पनि प्रहरीले जनाएको छ। अनुचित लेनदेनतर्फ सात मुद्दा दर्ता भएको र दुई मुद्दा मिलापत्र भएको पनि प्रहरीले जानकारी दिएको छ। ती मुद्दाहरुमा रु. आठ करोडभन्दा बढीको माग दावी रहेको काठमाडौँ प्रहरीले जनाएको छ।

# नवजात शिशु मृत फेला

**झापा, फागुन ६।** मेचीनगर नगरपालिका-६स्थित भृकुटी चोकमा नवजात शिशु मृत अवस्थामा फेला परेका छन्।

बुधवार बिहान करिब ९ बजे भृकुटी चोकस्थित दीपक बरालको खाली जग्गामा सालनालसहितको नवजात शिशु बेवारिसे अवस्थामा देखेपछि स्थानीयले प्रहरीलाई खबर गरेका थिए। अन्दाजी तीन महिनाको जस्तो देखिने उक्त शिशुको लिङ्ग समेत छुट्याउन नसकिएको प्रारम्भिक जानकारीमा उल्लेख छ।

घटनाको जानकारी पाएलगत्तै इलाका प्रहरी कार्यालय काँकरभिट्टाबाट प्रहरी टोली घटनास्थल पुगेको थियो। आवश्यक कानूनी प्रक्रिया र मुचुल्का कार्य सम्पन्न गरेपछि शवलाई पोस्टमार्टमका लागि प्रादेशिक अस्पताल भद्रपुर पठाइएको छ। शिशुको मृत्यु कसरी र किन भयो भन्ने विषयमा अनुसन्धान थालिएको प्रहरीले जनाएको छ।

# फिल्म नचलेपछि रिलिज स्थगितको नाटक




नेपालका नेता र फिल्मकर्मीहरूमा एउटा समानता छ। त्यो हो, सत्य स्वीकार नगर्ने प्रवृत्ति। जसरी नेताले आफ्नो गल्ती लुकाउन ढाकछोप गर्छन्, त्यसरी नै निर्माताहरू फिल्मको असफलता अस्वीकार गर्न विभिन्न बहाना बनाउँछन्।

यस्तै प्रवृत्ति अहिले फेरि देखिएको छ। हलमा फिल्म हेर्ने दर्शकको हाहाकार भएपछि निर्माताहरूले अनेक बहाना बनाउँदै रिलिज स्थगित गरिरहेका छन्।

मंगलबार तीन फिल्म 'बिगुल', 'श्री बुकुरो' र 'शिवांश'ले लगभग एकैसाथ रिलिज स्थगितको घोषणा गरे। यसमध्ये 'बिगुल' र 'श्री बुकुरो' ले रिलिज रोक्न बनाएको बहाना एउटै थियो, आसन्न निर्वाचन। 'शिवांश'का निर्माताले भने प्राइम टाइममा शोज नपाएका कारण प्रदर्शन स्थगित गरिएको जनाएका छन्। यी तीन फिल्म हलमा ५ दिन चलेपछि निर्माताले प्रदर्शन रोक्ने निर्णय गरेका हुन्।

'बिगुल', 'श्री बुकुरो' र 'शिवांश'को जुन कारण देखाएर रिलिज स्थगित गरिएको छ, त्यसमा सत्यता देखिँदैन। यी फिल्म धेरै हलबाट दर्शक अभावले आइतबार नै उत्रिसकेका थिए। प्रदर्शनको ५ दिनसम्म यी फिल्मलाई दैनिक ५० हजार कमाउन पनि हम्मे-हम्मे परेको थियो। यसैले 'फ्लप'को ट्यागबाट जोगिन तीनवटै फिल्मका निर्माताले एउटा बहाना बनाएर रिलिज स्थगित गरेको देखिन्छ।

एकातिर दर्शक नपाएका फिल्महरूले विभिन्न बहाना बनाउँदै रिलिज स्थगित गरिरहँदा अर्कोतिर फिल्म 'आ बाट आमा'ले बक्स अफिसमा उत्साहजनक व्यापार गरिरहेको छ। यो फिल्मको व्यापार १० करोड नजिक पुगिसकेको छ। यसलाई न चुनावले असर गरेको छ न प्राइम टाइमको शोज चाहिएको छ। दर्शकले नै नपत्याएका फिल्मका निर्माताहरूको भने अनेकथरी बहाना देखिन्छ।

यसअघि पनि फिल्म नचलेपछि विभिन्न बहाना बनाएर रिलिज स्थगित गरिएका धेरै उदाहरण छन्। केही साताअघि फिल्म 'द ब्लू लाइट'को प्रचार नपुगेको भन्दै रिलिज स्थगित गरिएको थियो। जबकि, यो फिल्मको दैनिक व्यापार २० हजार पनि थिएन। 'रियाल रिङ्गट', 'सेक्रेट अफ राधा' जस्ता फिल्मका निर्माताले पनि कमाइ राम्रो नभएपछि विभिन्न बहाना बनाएर रिलिज स्थगन गरेका थिए।

नेपालमा अहिलेसम्म जति पनि फिल्मको रिलिज स्थगित भएको छ, ती कुनै दर्शकलाई आकर्षित गर्न सफल थिएनन्। दर्शकले नै विश्वास नगरेपछि 'फ्लप'को ट्याग लाग्ने डरले निर्माताहरूले फिल्मलाई हलबाट उतार्ने गरेको देखिन्छ। चलचित्र विकास बोर्डले साप्ताहिक रूपमा (हरेक सोमबार) नेपाली फिल्महरूको बक्स अफिस विवरण सार्वजनिक गर्न थालेपछि यो क्रम अझ बढेको छ।

# वर्षाले छाडेपछि 'कार्की साइँला' मा भित्रिइन् 'मुन्नी'




राजेन्द्र बस्नेतको निर्देशनमा बन्न लागेको फिल्म 'कार्की साइँला'मा मुख्य अभिनेत्री परिवर्तन भएका छन्।

गत बैशाखमा वर्षा शिवाकोटीलाई लिएर निर्माण घोषणा गरिएको यस फिल्ममा अब प्रियना आचार्य (मुन्नी) अनुबन्धित भएकी छन्। वर्षाले सहमतिमै फिल्म छाडेपछि निर्माताले उनको ठाउँमा प्रियनालाई भित्र्याएका हुन्।

यस फिल्ममा प्रियनाको जोडी अभिनेता जितु नेपालसँग बाँधिनेछ। यसअघि 'लाज शरणम्', 'झरीपछिको इन्द्रेणी' र 'कल्ली'मा काम गरिसकेकी उनी पहिलोपटक 'कार्की साइँला'मा मुख्य भूमिकामा देखिन लागेकी हुन्। उनले फिल्मको कथावस्तु र आफ्नो चरित्र मन परेपछि काम गर्न तयार भएको बताएकी छन्। उनी यो फिल्मलाई लिएर उत्साहित देखिएकी छन्।

नेपालको पूर्वी जिल्ला धनकुटामा छायांकन हुने यस फिल्ममा जितु र प्रियनासहित सुशील पोखरेल, बीरेन्द्रसिंह कुशवाहा, मान्शी शर्मा, मनिल तामाङ, रेणुका आचार्य, दिप्सन लिम्बू, रोदा राई, कमल देवकोटा लगायतका कलाकारहरूको अभिनय रहनेछ। ग्रामीण परिवेशमा निर्माण हुने यो फिल्म भरियाको कथामा आधारित रहने जनाइएको छ।

कर्णबहादुर फिल्म्स प्रालिको ब्यानरमा बन्न लागेको यस फिल्मको निर्मातामा बालकुमार राई रहेका छन्। कृष्ण भगत चाम्लिङ प्रस्तुतकर्ता रहेको फिल्ममा डम्बर राईको छायांकन, किरण दाहालको द्वन्द्व निर्देशन तथा दिप्सन लिम्बूको संगीत रहनेछ। म्युजिक भिडियो निर्देशकको रूपमा परिचित रोजल थापालाई फिल्ममा मुख्य सहायक निर्देशकको जिम्मेवारी दिइएको छ।

# भक्तजन र प्रहरीमाथि अभद्र व्यवहार गरेपछि...

**काठमाडौँ, फागुन ६।** महाशिवरात्रीका अवसरमा पशुपतिनाथ मन्दिरमा भक्तजनलाई अभद्र व्यवहार र प्रहरी कर्मचारीमाथि जाइलाग्ने युवक बुधवार पक्राउ परेका छन्।

पक्राउ पर्नेमा मकवानपुरको ठुलदमार घर भई काठमाडौँ महानगरपालिका-१३ चागल बस्ने २५ वर्षीय रिजन श्रेष्ठ रहेका प्रहरीले जनाएको छ। निजमाथि आवश्यक अनुसन्धान भइरहेको जिल्ला प्रहरी परिसर काठमाडौँका प्रवक्ता प्रहरी उपरीक्षक पवनकुमार भट्टराईले जानकारी दिए।

ती युवकले शिवरात्रीका दिन पशुपति मन्दिरमा भक्तजनलाई अभद्र व्यवहार र प्रहरीमाथि कुटपिट गरेको 'भिडियो' सार्वजनिक भएको थियो।

## उम्मेदवार ...

प्रचारप्रसारका लागि घर दैलो तथा आमसभा गर्न पाउने निर्वाचन आयोगले स्पष्ट पारेको छ। यस्तो अवस्थामा झापाका पाँचवटै निर्वाचन क्षेत्रमा स्वतन्त्रसहित दलका उम्मेदवारहरु मत माग्न घरदैलो अभियानमा जुटेका छन्। दलहरुले आफ्ना कार्यकर्तामार्फत प्रचारप्रसार क्षेत्रमा जाने, समस्याको पहिचान गर्दै उनीहरुलाई त्यसै अनुसार मात्रै आश्वासन दिने गरेको पाइएको छ।

झापा क्षेत्र नम्वर १ जंगली हात्तीका कारण बढी प्रभावित क्षेत्र भएकाले त्यस क्षेत्रका उम्मेदवारको मुख्य एजेण्डा नै हात्ती नियन्त्रण रहेको छ। उनीहरुले भारतबाट आउने हात्तीलाई नियन्त्रण गर्दै मानव वस्तीको सुरक्षालाई नै मुख्य एजेण्डा बनाएको स्थानीयको भनाइ छ।

त्यस्तै झापा क्षेत्र नम्वर २मा शहरीकरण, औद्योगिक क्षेत्रको बिस्तारलाई दलहरुले मुख्य एजेण्डा बनाएको पाइएको छ। झापा २ अन्तर्गत बिर्तामोड, अर्जुनधारा, कनकाई नगरपालिका र बुद्धशान्ति गाउँपालिकाका केही वडाहरु पर्ने भएकाले यस क्षेत्रमा उनीहरुले नागरिकको आवश्यकता अनुसार माग पूरा गरिदिने वाचा गरेको पाइएको छ।

त्यस्तै झापा ३मा स्वास्थ्य, शिक्षा, कृषि र पूर्वाधारलाई उम्मेदवारले पहिलो प्राथमिकतामा राखेका छन्। आदिवासी, जनजाति र सीमान्तकृत समुदायको बसोबास रहेको क्षेत्रमा उनीहरुका विषयलाई नै उम्मेदवारले प्राथमिकतामा राखेर मत माग्ने गरेको पाइएको छ।

यता झापा ४ मा नदी नियन्त्रण र पूर्वाधार विकासलाई दलका उम्मेदवारले मुख्य एजेण्डा बनाएका छन्। उनीहरुले नदी नियन्त्रण गर्दै वर्षेनि डुवानमा परेका नागरिकलाई आफू निर्वाचित भएमा यस्तो नियति नदोहोरिने आश्वासन दिने गरेको पाइएको छ।

उता झापा ५ को चुनावी माहोल निक्कै चर्चा र चासोको विषय बनेको छ। झापा ५मा सुकुम्वासी समस्या धेरै रहेकाले दलहरुले यही विषयलाई मुख्य एजेण्डा बनाएका छन्।

झापा ५मा एमाले अध्यक्ष ओली, राष्ट्रिय स्वतन्त्र पार्टीका वरिष्ठ नेता वालेन्द्र शाह बालेन, सहितका २४ जना उम्मेदवारहरु चुनावी मैदानमा छन्। लगातार निर्वाचन जित्दै आएका एमाले अध्यक्ष ओलीलाई यस पटकको निर्वाचनमा रास्वपाका वरिष्ठ नेता बालेन भारी पर्ने देखिएको छ।

चुनावी घरदैलो अभियानमा एमाले अध्यक्ष ओलीले वालेन आएमा सुकुम्वासीको उठिवास हुने अभिव्यक्ति दिँदै आफूतिर मत तान्ने प्रयास गरेका थिए। तर, यतिका वर्षसम्म सुकुम्वासी समस्या ज्यूँका त्युँ रहेको भन्दै सुकुम्वासीका समस्था आफूले समाधान गर्ने वालेनले आश्वासन दिएपछि माहोल परिवर्तन भएको छ।

विगतका निर्वाचनमा उम्मेदवारी दिएर देशभर चुनावी दौडमा होमिने गरेका ओलीलाई यसपटक आफ्नै निर्वाचन सकस भएको छ। आफैं अध्यक्ष रहेको एमालेको घोषणा-पत्र बिना नै उनी अहिले झापावासीसँग मत मागिरहेका छन्। उनको झापा बसाइ र काठमाडौं आउ-जाउ बढेको छ। उनी बिना एजेण्डा भावनात्मक अपिल र पुरानै नारामा केन्द्रित रहँदै प्रचार गर्दै हिँडिरहेका छन्।

## झापा ३ ...

कार्यक्रममा अनुपस्थित रहे।

स्थानीय विश्लेषकहरूका अनुसार झापा-५ र झापा-३मा लगातार बहस बहिष्कार हुनुले रास्वपाको चुनावी रणनीतिमाथि प्रश्न उठाएको छ। सामाजिक सञ्जालमार्फत समर्थकहरूले आयोजकको निष्पक्षता र समय व्यवस्थापनलाई कारण देखाए पनि आलोचकहरू भने मञ्चमै गएर असहमति राख्न सकिन्थ्यो भन्ने तर्क गर्छन्।

**बहसको संस्कृति र राजनीतिक सन्देश**

झापा ऐतिहासिक रूपमा उच्च प्रतिस्पर्धाको क्षेत्र मानिन्छ। यसपटक सार्वजनिक बहसको अभ्यासले मतदातालाई प्रत्यक्ष प्रश्न सोध्ने अवसर दिएको छ। तर प्रमुख प्रतिस्पर्धीको अनुपस्थितिले बहसको महत्वभन्दा बढी 'अनुपस्थितिको सन्देश' चर्चामा आएको छ।

विश्लेषक भट्टराईका अनुसार चुनाव नाराले मात्र होइन, स्पष्टता र पारदर्शिताले जितिन्छ। आज केही प्रश्नको सामना गर्न नसक्ने नेता भोलि जटिल राज्य-सञ्चालनका प्रश्न कसरी हल गर्छन् भन्ने स्वाभाविक चासो उठ्छ- उनले भने।

झापा-५ र झापा-३का यी घटनाले चुनावी अभियानमा प्रत्यक्ष बहसको संस्कृति अझै संस्थागत हुन बाँकी रहेको देखाएको छ। खाली कुर्सी अब एउटा कुर्सीको कथा मात्र नभई नेतृत्व, जवाफदेहीता र राजनीतिक साहसको परीक्षण बनेको विश्लेषण हुन थालेको छ।

## लागूऔषध ...

राखिएको छ।

नियन्त्रणमा रहेका सवारीसाधन कसुरको प्रकृति, परिमाण, संलग्नता र प्रमाणका आधारमा अदालतले गर्ने निर्णय पर्खिएर प्रहरीको रेखदेखमा राखिएको एसपी थापा क्षेत्रीले बताए।

अदालतको अन्तिम फैसला आएपछि मात्रै नियन्त्रणमा रहेका सवारीसाधनका बारेमा प्रष्ट हुने उनले जनाए।

धनकुटामा पछिल्ला आर्थिक बर्षमा लागूऔषध दुर्व्यसनका मुद्दा पनि निरन्तर बढी रहेका छन्। आर्थिक बर्ष २०७७/०७८ यता बर्षेनि लागूऔषध सम्बन्धि मुद्दाको संख्या बढ्दो छ। आर्थिक बर्ष २०७७/०७८मा ४, ०७८/०७९मा १०, ०७९/०८०मा २१, ०८०/०८१मा २०, ०८१/०८२ मा ५७ र चालूआर्थिक बर्षको पुस मसान्तसम्म १५ वटा लागूऔषध सम्बन्धी मुद्दा दर्ता भएको प्रहरीले जनाएको छ।

**ह्याप्पी ल्याण्ड फनपार्क एण्ड रिसोर्ट सञ्चालनका लागि**

**प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना**

प्रकाशित मिति २०८२/११/०७

कोशी प्रदेश, झापा जिल्ला, कनकाई नगरपालिका, वडा नं. २मा ह्याप्पी ल्याण्ड फनपार्क एण्ड रिसोर्ट प्रा.लि.द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | ह्याप्पी ल्याण्ड फनपार्क एण्ड रिसोर्ट प्रा.लि., कनकाई नगरपालिका, वडा नं. २ |
| प्रस्तावको व्यहोरा | ह्याप्पी ल्याण्ड फनपार्क एण्ड रिसोर्ट सञ्चालनको लागि |
| प्रभाव पर्न सक्ने जिल्ला/न.पा./गा.पा. | झापा जिल्ला, कनकाई नगरपालिका, वडा नं. २ |
| जग्गाको कित्ता नं. | कनकाई-२ को कित्ता नं. २७४५, २९७६, २८७०, ३०२७, २२४९, २२६१, २४०५, २८९२, ३११७, ३२२९ |
| भाडाको जग्गा | सुरेश सुवेदी कनपा-२, कित्ता नं. २६४ |

उपरोक्त प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, आर्थिक प्रणाली तथा सांस्कृतिक प्रणाली बीच के-कस्ता प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको स्थानीय तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशित भएको मितिले सात दिनभित्र निम्न ठेगानामा आइ पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराइ दिनुहुन अनुरोध गरिन्छ।

**राय सुझावका लागि पत्राचार गर्ने ठेगाना**

१) श्री कनकाई नगरपालिका, २ नं. वडा कार्यालय फोन नं. ९८०६०२१६९८
२) श्री पर्यटन विभाग, भृकुटीमण्डप, काठमाडौं, इमेल : info@tourismdepartment.gov.np
३) श्री ह्याप्पी ल्याण्ड फनपार्क एण्ड रिसोर्ट प्रा.लि., कनकाई नगरपालिका, वडा नं. २ फोन नं. ९८२४०७९६८७
४) श्री ग्रीनहेराल्ड इन्भाइरोमेन्टल एण्ड इन्जिनियरिङ प्रा.लि., नयाँ बानेश्वर, काठमाडौं फोन नं. ९८४६४०४११८, इमेलः geec.nepal@gmail.com


**बिर्तामोडमा 4D भिडियो एक्स-रे र ल्याव सेवा**

वरिष्ठ रेडियोलोजिष्ट डा. संजयकुमार गुप्ताद्वारा
निशा एडभान्स अल्टासाउण्ड एण्ड डायग्नोष्टिक क्लिनिकमा

- प्रत्येक दिन बिहान ६:०० बजेदेखि ८:३० बजे र बेलुका २:०० बजेदेखि ८:०० बजेसम्म
- पश्चिम बस स्टेण्ड उत्तर, बिर्तामोड-५, झापा

हाम्रा सेवाहरु

- Fetal Echo, Fibro Scan Liver (पहिलोपल्ट)
- विशेषज्ञद्वारा ओ.पी.डी. सेवा
- निसन्तान परामर्श केन्द्र
- 12 Lead ECG,
- सुपथ मूल्यको फार्मेसी सेवा
- अत्याधुनिक प्याथोलोजी ल्याव
- 4D भिडियो एक्स-रे
- Anomaly Scan, TVS
- रक्त नलिको Colour Doppler
- Advance CT Scan




सम्पर्क नं. : ०२३-५९०१९४, ९८०१५६६४७८, ९८१७९८४६४६

Advance Pathology Lab

विश्वसनीय स्वास्थ्य परीक्षणको लागि तपाईंको आफ्नै ल्याब
हामीकहाँ आधुनिक प्रविधिबाट सुसज्जित प्रयोगशाला, अनुभवी प्राविधिक र छिटो तथा भरपर्दो रिपोर्टको व्यवस्था छ।

तपाईंको स्वास्थ्य, हाम्रो जिम्मेवारी।

- छिटो र भरपर्दो रिपोर्ट
- आधुनिक मेसिन र अनुभवी टेक्निसियन
- सबै प्रकारका रगत तथा पिसाब परीक्षण
- उचित शुल्कमा गुणस्तरीय सेवा

Advance Pathology Lab
ISO 15189 -2022 certified lab
Birtamode-1, Charpane, Jhapa
023-536070, 9817032003
Email:advancelab2010@gmail.com

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी
■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail .com

**पूर्वाञ्चल**

**सम्पादकीय**

## प्रजातन्त्र दिवसको सार्थकता

**देशमा एकतन्त्रीय, निरंकुश र जहानीया शासन व्यवस्थाको अन्त्य भएको दिन हो आज । राणाहरुको एक सय चार वर्षे शासनकालको अन्त्य भएको २००७ साल फागुन ७ गतेको स्मरणमा प्रत्येक वर्ष आजका दिनलाई प्रजातन्त्र दिवसका रुपमा मनाउने गरिएको छ । जनताको इच्छा, आकांक्षा र जनमतबाट शासन व्यवस्था सञ्चालन गर्ने परिपाटी प्रजातन्त्र हो । तर, प्रजातन्त्र स्थापना भएको झण्डै आठ दशक हुन लाग्दा पनि जनइच्छा र भावना अनुरुप शासन सञ्चालन भएको छैन । त्यही कारण विभिन्न कालखण्डका प्रजातन्त्रकै नाममा आन्दोलन भए पनि न जनभावनाको सम्बोधन भएको छ न त देशले समृद्धिको बाटो समाएको छ ।**

**२००७ सालकै राजनीतिक परिवर्तनको जगमा टेकेर पूर्ण प्रजातन्त्रका लागि भन्दै २०३६, २०४६ र २०६३ सालमा आन्दोलन भए । देशलाई २०६३ सालमा लोकतान्त्रिक देशमा रुपान्तरण पनि गरियो जसको आडमा सयौं वर्षदेखिको राजतन्त्रात्मक व्यवस्थाको अन्त्य भएको घोषणा गरियो । तर, जनताले भने खोजे जस्तो र आकांक्षा राखे जस्तो प्रजातन्त्र नपाएको र जनता झन्–झन् गरिबीको रेखामुनि हुँदै जाँदा जनगुनासो, असन्तुष्टिले सगरमाथा टेकेको छ । त्यही असन्तुष्टि विद्रोहका रुपमा प्रकट हुँदा निर्वाचित जनप्रतिनिधिको सरकार अपदस्थ हुनु परेको सत्यले पनि यो दिवसको सार्थकता पुष्टि गरेको छ ।**

**पछिल्लो समय बढेको राजनीतिक अस्थिरताले उत्पन्न परिस्थिति, बेरोजगारी, मूल्यवृद्धि, धरासायी अर्थतन्त्र, युवा पलायन जस्ता कारणले व्यवस्था माथि नै प्रश्न उठ्न थालेको सन्दर्भमा हुन लागेको प्रतिनिधिसभा सदस्यको निर्वाचनले निकाश देला आशा गरिएको छ । राजनीतिक दलहरुका प्रतिको चरम असन्तुष्टिको फाइदा पराइले नउठाओस् त्यसतर्फ पनि आजको दिनले सचेत र सजग गराउनु पर्दछ ।**

**प्रजातन्त्र स्थापनाको अगुवाई गर्ने नेपाली कांग्रेस र त्यसपछिका अन्य दलहरु पनि जनताप्रति इमान्दार नभएकै कारण उत्पन्न अस्थिर राजनीतिक परिस्थितिमा हिजो पुर्खाहरुले दिएको बलिदान, त्याग र सेवाको स्मरण गर्ने दिनका रुपमा प्रजातन्त्र दिवसको सम्मान गर्नुपर्छ । हिजोका अनुभवहरुबाट सिक्दै, प्रजातान्त्रिक अभ्यासलाई निरन्तरता दिन सकिए राष्ट्रको स्वाधीनता र अखण्डताको रक्षा गर्न सकिन्छ । प्रजातन्त्र दिवसले खासगरी दल तथा नेतृत्व वर्गलाई राष्ट्रको पहिचान, गौरव र इतिहासको रक्षा गर्दै राष्ट्रियताको डोरीमा बाँध्न र समुन्नत प्रजातन्त्रको अभ्यास गर्ने सद्बुद्धि प्राप्त होस् शुभकामना ।**

# आज प्रजातन्त्र दिवस



**नरेन्द्र ढकाल**




जतानले जनताद्वारा गरिने शासनलाई प्रजातन्त्र भनिन्छ। प्रजातन्त्र शब्द संस्कृत भाषाबाट आएको हो, जसको अर्थ हुन्छ- प्रजा (जनता) र तन्त्र (शासन वा व्यवस्था)। यसलाई सरल ढंगमा भन्नुपर्दा जनताले चुनेका नेतृत्वले जनताको हितमा गरिने शासन नै प्रजातन्त्र हो। प्रजातन्त्र दिवस नेपालका लागि महत्त्वपूर्ण मानिन्छ। निरङ्कुश शासकबिरुद्ध जनताले गरेको त्याग, बलिदानको उपलब्धि हो- प्रजातन्त्र दिवस।

आज फागुन ७ गते प्रत्येक वर्षको फागुन ७ गतेले २००७ सालको फागुन ७ गतेलाई सम्झाउँछ। वि.सं. २००७ सालको फागुन ७ गतेको दिन देशमा विद्यमान एकतन्त्रीय राणा शासनको अन्त भएर प्रजातन्त्रको प्रादुर्भाव भएको थियो। त्यसैले प्रजातन्त्र दिवसलाई राष्ट्रिय प्रजातन्त्र दिवस भन्ने गरिएको छ। यो दिवसलाई देशमा सम्भावनाका सबै ढोका खोलिएको दिनको रुपमा पनि लिने गरिएको छ। जनताले गरेको त्याग र बलिदानलाई आत्मसाथ गर्दै बिहानीको उज्यालो छर्दै नेपालमा फागुन ७ गते प्रजातन्त्र आएको दिन हो।

देशमा प्रजातन्त्र ल्याउन धेरै वर्ष पहिलेदेखि प्रयास भइरहेको थियो। त्यसबेलाका जुझारु व्यक्तिहरुले पर्चा पम्प्लेट र भूमिगत संगठन गरेर राणा शासनको बिरुद्धमा आवाज चर्काउँदै थिए। १९९७ सालमा निरङ्कुश सरकारले चार जनालाई शहीद बनाएपछि स्थिति अरु विस्फोटक भएको थियो। त्यस्तैमा नेपालभित्र र बाहिर राजनीतिक पार्टी गठन हुन थाल्यो। नेपाली कांग्रेसको नेतृत्वमा देशव्यापी आन्दोलन भयो। राजा त्रिभुवन स-परिवार भारतमा शरण लिन पुगे।

राजाको त्यस कदमले राणा शासकहरुलाई ज्यादै अप्ठ्यारोमा पाऱ्यो आखिर निरंकुश सरकारले जनताका सामु घुँडा टेक्नु पऱ्यो, हार स्वीकार्नु पऱ्यो। राजा त्रिभुवन देश फर्केपछि फागुन ७ गते प्रजातन्त्रको घोषणा भयो। त्यो घोषणा नेपालको इतिहासमा सर्वाधिक महत्त्वपूर्ण घोषणा हो। त्यही घोषणाबाट नेपालीहरुले लेख्ने, बोल्ने र राजनीतिक संगठन गर्ने लगायतका सबै स्वतन्त्रताहरु प्राप्त गरेका हुन। यो केबल व्यक्तिका लागि होइन देश र जनताकै लागि एक महत्त्वपूर्ण दिन हो। जनताले त्याग र बलिदानी दिएर आएको प्रजातन्त्रलाई पटक-पटक घाँटी निमोट्ने काम भएका विगतबाटै भएका छन्।

त्यसरी प्रजातन्त्र आएता पनि प्रजातन्त्रलाई पटक-पटक प्रहार गर्ने काम भयो। बाहिर प्रजातन्त्रको माला जप्ने तर भित्रभित्रै प्रजातन्त्रको हक अधिकारमा बन्देज लगाउने प्रवृत्ति भएका राजनीतिक व्यक्तिहरुको कार्यगत एकता भयो। जसले गर्दा फस्टाउन लागेको प्रजातन्त्रमा पटक-पटक ग्रहण लाग्यो। तत्कालिन राजा महेन्द्रले २०१७ साल पुस १ गते पञ्चायती व्यवस्थाको प्रादुर्भाव गराएपछि प्रजातन्त्र फेरि नराम्रोसँग खुम्चिँदै गयो। निर्वाचित प्रधानमन्त्री वीपी कोइरालालाई जेलमा राखियो। संसदीय व्यवस्था खारेज गरियो। पञ्चायती व्यवस्थाको ३० वर्षको आभ्यासले प्रजातन्त्र भन्नै नहुने, उच्चारण गर्नै नहुने शब्द जस्तो भयो। तर, वि.सं.२०४६ सालको ऐतिहासिक जनआन्दोलनले देशमा प्रजातन्त्रको पुनर्वहाली गरेको छ। प्रजातन्त्र, लोकतन्त्र भन्ने अवस्था सिर्जना भएको छ। तर, जति यसले महत्व पाउनुपर्ने हो त्यो पाउन सकिएको छैन।

विश्व मानचित्रमा नेपाल देश रहे पनि राजनीतिक अन्तर्राष्ट्रिय रङ्गमञ्चमा नेपालको अस्तिव विलुप्त नै थियो। अंग्रेजहरूको गुलामी गरेर नेपालमा जहाँनिया शासन चलाइरहेका राणाहरूको निरंकुशता, स्वेच्छाचारिता, शोषण र अत्याचारले पराकाष्ठा नै नाघेको थियो। सामाजिक विभेद् चरम थियो। त्यस्तो विषम् परिस्थितिमा राणा शासनबिरुद्ध शंखघोष गर्ने नेपाल आमाका चार सपूतलाई मृत्युदण्ड दिइएको थियो। नेपाली ती सपुतहरुको त्याग र बलिदानीलाई केबल अहिले मजाक बनाउने काम दलहरुले गरिरहेका छन्। जनताले ल्याएको प्रजातन्त्र माथि घोडा चडेर रज्जाई गरिरहेकाहरुलाई जनताले पुनः एक पटक सवक सिकाउन जरुरी छ।

नेपाललाई स्वतन्त्र र सार्वभौम राष्ट्रको पहिचान दिलाउने, नेपाली समाजमा लोकतन्त्र र जनअधिकारको बहाली गर्ने र समग्र राष्ट्रलाई विकास एवम् समृद्धिको बाटोमा अघि बढाउने लक्ष्यका साथ सम्पन्न भएको थियो, २००७ को जनक्रान्ति। २००७ पछि नेपालमा दुईवटा ऐतिहासिक राजनीतिक परिवर्तन भए, ०४६ को परिवर्तन र अर्को ०६३ को परिवर्तन। त्यसैले हामी नेपालीले बिर्सन नहुने कुरा के हो भने नेपालको राजनीतिक विकासक्रमको प्रस्थानबिन्दु हो, २००७ सालको जनक्रान्ति। तर, दुई वटा क्रान्तिलाई आफ्नो स्वार्थ अनुकुल ब्याख्या गर्दै जनता माथि मनपरी गरिरहेका शासकबिरुद्ध पुनः तेस्रो क्रान्ति भयो जुन-२०८२ भदौ २३ र २४ गते हो।

नेताहरुको मनपरीबिरुद्ध जेन-जी समूह शान्तिपूर्ण रुपमा सडकमा आउँदा बर्बर गोली हान्नेहरु अहिले टाँउको ठाडो पारेर हिनिरहेका छन्। यिनीहरुलाई जबसम्म कानूनी कठघरामा उभ्याउ सकिन्न तबसम्म जेन-जी बिद्रोहले उपलब्धि हासिल गर्दैन्। अहिले उनीहरुले विदेशी चलखेल, देश युक्रेन हुन्छ भन्दै अनेक भ्रम छर्ने काम गरिरहेका छन्। नेपाल कसैले दिएको दाइजो होइन र कसैले भन्दैमा युक्रेन हुँदैन। नेपाली जनताको आँखामा छारो हालेर आफ्नो रोटी सिक्नेहरुलाई आगामी फागुन २१ गते हुने निर्वाचनमा आम नागरिकले विवेक प्रयोग गर्दै सबक सिकाउन जरुरी छ। नेपाल स्वतन्त्र भएको सात दशकभन्दा बढी भइसक्दा पनि हामी द्वन्द्व र संघर्षमै अल्झिरहेका छौं। सात सालमै प्रजातन्त्र आयो, तर ७५ वर्ष नाघ्यो, राणा गए, तैपनि राणाकालीन संस्कार फिटिक्क गएन। राणा संस्कारले राजा, रंक र नेतालाई समेत छोप्यो। त्यसैले अहिले भन्न थालिएको छ, प्रजातन्त्र दिवस मनाउनुको अर्थ महत्त्वपूर्ण छ।

प्रजातन्त्र, लोकतन्त्र, जनतन्त्र, नागरिक शासन जस्ता शब्दगत पृथकता देखिए पनि भावगत वा आशयगत ध्वनी भने जनताले चुनेका-छानेका जनपक्षीय प्रतिनिधिहरूले जनताको भलाई, उत्थान, विकास र समृद्धिको सुशासन स्थापित गर्ने प्रणाली हो, जनशासन वा प्रजातन्त्र। स्वतन्त्रता, समानता र भ्रातृत्वको उदात्त भाव संस्थापित गर्न क्रान्तिकारी लडाकु वीर पूर्खाहरूको बलिदानको सारपूर्ण प्रतीक तिथि वा दिवस हो, फागुन ७ को प्रजातन्त्र दिवस।

२००७ साल फागुन ७ गतेको निरन्तरतालाई कायम राखी २०६२/०६३ को जनआन्दोलन सम्पन्न भएर ७५ वर्षदेखिको प्रतिक्षारत संविधानसभाको निर्वाचन सम्पन्न भएर देशमा सहमति, सहकार्य र सहमेलको आधारमा शान्ति र संविधानलाई परिणाममुखी बनाउँदै कानूनी राज्यको असीम आशाद्वीप प्रज्वलित हुनुपऱ्यो।

तर, विडम्बना यो देशका राजनीतिक दलहरू र यसका शीर्ष नेताहरू भने लोकतन्त्र, गणतन्त्र र संघीय राज्यलाई आ-आफ्नै कोणबाट अपव्याख्या गर्दै यत्रो समयसम्म संविधान लेख्ने र शान्तिलाई निष्कर्षमा पुऱ्याउने कामबाट विचलित बने र अहिले एकथान संविधान लागू गरिएको छ, त्यो पनि विग्रहको भुमरीमा। आ-आफ्ना गुटीय गञ्जकमा दलीय दिशा नै भताभुंग बनाएर सत्ताकेन्द्रीत मनस्थितिमा दम्भ, इर्ष्या, बेमेल र आत्मइरादामा रन्थनिएका छन्।

महँगी दिन दुगुना रात चौगुणा बढ्दैछ, हत्या-हिंसा चुलिएर राज्य प्रशासन निकम्मा, निरीह र बेकम्मा भएको छ। भ्रष्टाचार, नातावाद, घूस, कमिशन वनमारा झार झैं मौलाउँदो छ, टेन्डर र कोटेसनमा गुन्डा, दादा र डनहरू नै हाँको-डाँको मच्चाउँदैछन्। दलहरू आफैंभित्र कल, छल र बल प्रयोग गरी जसरी पनि सत्ता हत्याउने दाउमा छन्। अन्तरदलीय मिलाप, सहमति र सहकार्य हात्तीको देखाउने दाँत बनेको छ। राष्ट्र लुटेरा, तस्कर, माफियाहरू पार्टीमा उपल्लो स्थान बनाएर कब्जा जमाइरहेका छन्। यसरी सामाजिक, आर्थिक, राजनीतिक, सांस्कृतिक, शैक्षिक, व्यवसायिक सबै क्षेत्र कोलाहलमा रन्थनिएको छ। सर्वत्र झण्डावाल र डण्डावालले लुट्को खेती मच्चाइरहेका छन्। यसको अन्त्यका लागि दलहरुलाई सजग गराउँदै विद्यार्थीहरुले सु-शासन, भ्रष्टाचार अन्त्य, स्थायी सरकार र विकासका मागहरु लिएर सडकमा शान्तिपूर्ण प्रदर्शन गर्दा निरंकुश शासकले भन्दा बर्बर दमन गर्ने तत्कालिन सत्ता साझेदार दल तथा नेतृत्वलाई कडा कारबाही हुनुपर्छ।

साथै जेन-जी विद्रोहका मागलाई स्थापित गर्न आगामी निर्वाचन पछि निहत्था विद्यार्थीको हत्या गर्नेहरुलाई कानूनी कठघरामा उभ्याउन जरुरी छ। तब मात्र प्रजातन्त्रले सार्थकता पाउने छ। नैतिकता, सिद्धान्त, आदर्श र देशका लागि गरिने राजनीति भएको भए जेन-जी विद्रोह हुने थिएन्। जब अतिबाट चार भयो तब जनता सडकमा उत्रिए। शासकले कल्पना समेत गर्न नसकेको विद्रोहको ज्वाला दन्कियो। नेताहरुले हेलिकप्टर चडेर भाग्नुपर्ने दिन आयो भने केहीले गालामा चड्कन पनि भेटे तर अझै पनि उनीहरु गल्ती स्वीकार गर्न माग्दैनन्। त्यसैले अब यिनीहरुको अन्त्यका लागि आगामी निर्वाचनमा नागरिकले विवेक प्रयोग गर्दै यस्ता कु-शासकहरुलाई विश्राम दिन जागरुक हुनुपर्छ।

देशको राष्ट्रियता, राष्ट्रिय एकता र सार्वभौमसत्तालाई सवल तुल्याउँदै जनताको सर्वोपरी हितलाई केन्द्रमा राखेर व्यवहार गर्ने व्यवस्थामात्र प्रजातान्त्रिक हुन सक्छ। देश र जनताका हितप्रति संवेदनशील एवम् जिम्मेवार व्यवहार प्रस्तुत गर्दै सीमित व्यक्तिहरूको स्वार्थरक्षालाई नै प्रजातन्त्रका रूपमा जनताले आत्मसाथ गरिदिनुपर्ने अवस्थाको अन्त्य गर्न आगामी फागुन २१ गते हुने निर्वाचन सफल बनोस् त्यो नै प्रजातन्त्र दिवसको सुन्दर उपलब्धि हो।

नेपालीको भावना समेट्ने र देशको राष्ट्रियता एवम् राष्ट्रिय एकता समृद्ध बनाउने साधनको रूपमा प्रजातन्त्र प्रयुक्त बन्न सकोस्। प्रजातन्त्रलाई संस्थागत गर्ने या समस्याहरुको समाधान खोज्ने क्रममा भएका कुनै पनि राजनीतिक सम्झौता, सहमति या समझदारीमा देशको गौरव बढाउने विषयले प्राथमिकता पाउनुपर्छ। प्रजातन्त्र भनेको निर्वाचनहरुको आयोजना मात्र हो भन्ने भ्रम बन्द गर्दै जनताको हितमा हुने काम, देशको रक्षा र विकासलाई पहिलो प्रथमिकतामा राख्न सक्नुपर्छ तब मात्र प्रजातन्त्र दिवसले एउटा सार्थकता पाउने छ।

# प्रविधिको दुरुपयोग नगर्न आयोगको आग्रह

निर्वाचन आयोगले प्रविधिको दुरुपयोगले निर्वाचनको निष्पक्षतालाई नै धराशायी बनाउन सक्ने जोखिम भएकाले यसतर्फ गम्भीर बन्न सम्बन्धित सबैको ध्यानाकर्षण गराएको छ।

आयोगले सामाजिक सञ्जालमा गलत सूचना सम्प्रेषण नगर्न र नगराउन एव्म सहयोगी भूमिका निर्वाह गरिदिन पनि आम सञ्चार लगायतका सम्बन्धित पक्षसँग आग्रह गरेको छ।

कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले 'आर्टिफिसियल इन्टेलिजेन्स' (एआई)को प्रयोग गरी सृजना गरिएका दिग्भ्रमित पार्ने सामग्री सामाजिक सञ्जालमा नराख्न र निर्वाचनलाई मर्यादित बनाउन आग्रह गरे। उनले निर्वाचनको मत सर्वेक्षण गरी आएको नतिजा नतिजा सार्वजनिक गर्ने काम नगर्न समेत सञ्चारमाध्यमहरुलाई आग्रह गरेका छन्।



उनले भने- 'हालैका केही अभ्यासहरु, जसमा मतदान हुनुअघि नै मतदाताहरुको कुराकानीलाई आधार बनाएर हारजीतको अनुमान गर्ने वा मत सर्वेक्षण गरी नतिजा सार्वजनिक गर्ने गरिएको छ। त्यसप्रति आयोगको गम्भीर ध्यानाकर्षण भएको छ।'

निर्वाचन आचारसंहिता २०८२ ले प्रस्ताव गरेको मतदातको स्वतन्त्र निर्णयलाई दिग्भ्रमित तुल्याउन सक्ने भएकाले नतिजा पहिला नै घोषणा गरिदिँदै उम्मेदवारहरुलाई हतोत्साही बनाउने र प्रतिस्पर्धाको वातावरणलाई खलल पुऱ्याउन काम नगर्न आयोगले अनुरोध गरेको छ।

प्रविधिको तीव्र विकाससँगै एआईको प्रयोग गरी सृजना गरिएका दिग्भ्रमित पार्ने सामग्री सामाजिक सञ्जालमा सम्प्रेषण नगर्न र नगराउन सहयोगी भूमिका निर्वाह गरिदिन आयोगले विशेष आग्रह गर्दै आएको छ।

प्रविधिले सूचना प्रवाहमा सहजता ल्याएपनि यसको दुरुपयोगले निर्वाचनको निष्पक्षतालाई नै धराशायी बनाउन सक्ने जोखिम भएकाले यसतर्फ गम्भीर बन्न आयोगले ध्यानाकर्षण गराएको छ। निर्वाचन आचारसंहिताको पूर्ण पालना गर्ने कुरामा हरेकले आफ्नो जिम्मेवारी सम्झेर काम गर्नुपर्ने आयोगको धारणा छ।






ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क नं. : ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ)** धार्मिक तिर्थयात्रा हुनेछ, साथीभाइको पूर्ण सहयोग पाइने छ, पराक्रममा वृद्धि हुनेछ, शत्रुमाथि विजय प्राप्तिको योग छ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)** आजबाट स्वास्थ्यले साथ दिने छ, शरीरमा स्फूर्ति पैदा हुनेछ, अनावश्यक चिन्ता हटेर जानाले मन प्रफुल्ल रहने छ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह)** घरबाट कहिँ रमाइलो यात्राको तय हुनेछ, साथीभाइहरूले साथ दिनेछन्, आज तपाईको मनोरञ्जनमा ध्यान जानेछ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)** बोलिमा विचार पुऱ्याउनुहोला, बोलिको भरमा काम बन्ने योग छ, स्वास्थ्यमा समस्या देखिन सक्छ, सतर्क रहनुहोला ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)** समय बलवान रहेको छ, नयाँ कामको थालनी गर्नुभएमा तपाइँको लागि लाभदायक हुनेछ, प्रेम सम्बन्ध सुमधुर रहला ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो)** दिन मध्यम रहेको छ, चोटपटकको सम्भावना छ, लामो यात्रा नगर्नुहोला, पारिवारिक सहयोग मिल्नाले मन आनन्द हुनेछ ।

**तुला (र, रि, रु, रे, रो, ता, ति, तु, ते)** विपरीत लिङ्गिसाथीबाट साथ र सहयोग प्राप्त हुनेछ, पराक्रममा वृद्धि हुनेछ, तपाईको समय उत्तमसिद्धी रहेको छ ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु)** पराक्रम बढेर जानेछ, आज बिग्रन लागेको काम बनिनाले हौशला बढ्ने छ, छोटो दुरीको यात्रा हुनेछ, मन हर्षित रहला ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)** स्वास्थ्य प्रतिकुल बनेर जानेछ, अनावश्यक झमेलाबाट छुटकारा मिल्ने योग रहेको छ, मिष्ठान्न भोजनको अवसर मिल्ने छ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि)** स्वास्थ्य समस्याले सताउन सक्छ, पशुचौपायासँग सम्बन्धित व्यवसायबाट यथेश्ठ लाभ मिल्नाले मन खुशी हुनेछ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द)** समय शुभ फलदायी रहेको छ, मान-प्रतिष्ठा बढेर जानेछ, लेनदेनमा विचार पुऱ्याउनुहोला, धार्मिक गतिविधि बढेर जानेछ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि)** लामो दुरीको यात्रा हुनेछ, भाग्यले साथ दिनेछ, कार्यसिद्धिको योग परेको छ, टाढिएका मित्रजनसँग भेटघाट हुने समय रहेको छ ।





**खर्कमा चौंरी गाई :** सङ्खुवासभाको चैनपुर नगरपालिका-१ गुफापोखरीस्थित खर्कमा चौंरी गाई । चरन क्षेत्रमा घाँसको कमी, मौसम परिवर्तन जस्ता कारणले घुम्ती गोठ मार्फत् चौंरी, याक पालन गर्नेहरु पछिल्लो समय क्रमशः घट्दै गएको छ । ***तस्वीर : रासस***

# कक्षा १२ को परीक्षा बैशाख १४ गतेदेखि शुरु

**झापा, फागुन ६।** आगामी बैशाख १४ गतेदेखि यस वर्षको कक्षा १२ को परीक्षा शुरु हुने भएको छ ।

राष्ट्रिय परीक्षा बोर्डले परीक्षाको साधारण, परम्परागत र प्राविधिक विषय समूह तर्फका नयाँ तथा पुरानो पाठ्यक्रम एवम् ग्रेड वृद्धि परीक्षाको तालिका सार्वजनिक गरेको परीक्षा नियन्त्रक कृष्ण शर्माले जानकारी दिए ।

परीक्षा बिहान ८:०० बजेदेखि ११:०० बजेसम्म सञ्चालन हुनेछ । परीक्षाको पहिलो दिन अनिवार्य अङ्ग्रेजी विषयको नयाँ र पुरानो कोर्स तथा ग्रेड वृद्धिको परीक्षा हुनेछ ।

सोही दिन नयाँ कोर्षको संस्कृत रचना, बौद्ध शिक्षा र उर्दू व्याकरण तथा पुरानो कोर्षको अनिवार्य वैकल्पिक संस्कृत रचनाको पनि परीक्षा




हुने कार्यतालिकामा उल्लेख छ ।

बैशाख २७ गते सम्पन्न हुने परीक्षामा अनुपस्थित हुने परीक्षार्थीका लागि बोर्डले पुनः अर्को परीक्षाको व्यवस्था भने नगरिने बोर्डले जनाएको छ । परीक्षाको तालिकाभित्र कुनै आकस्मिक बिदा परेमा परीक्षा नियन्त्रण कार्यालयको पूर्व सूचनाबिना परीक्षा स्थगित नगरिने बोर्डले उनले जानकारी दिए ।

यसवर्ष कक्षा १२ मा नियमिततर्फ तीन लाख ६० हजार परीक्षार्थी सहभागी हुने जानकारी दिए । गत वर्ष कक्षा १२ मा नियमित तर्फ तीन लाख ९६ हजार तीन सय ४७ र आंशिक तर्फ एक लाख १४ हजार छ सय ४० विद्यार्थी परीक्षामा सहभागी थिए । गत वर्ष कक्षा १२ को परीक्षा बैशाख २१ गतेदेखि शुरु भई जेठ २ गते सम्पन्न भएको थियो ।

# घर्तीभिरको चट्टान फुटाउन थालियो

**खोटाङ, फागुन ६।** खोटाङ जिल्लाको प्रमुख व्यापारिक केन्द्र दिक्तेल बजारलाई पूर्वी तराईका जिल्लासँग जोड्ने छोटो दूरीको सडकमार्ग दिक्तेल-रेग्मीटार सडकखण्डस्थित घर्तीभिरको चट्टान फुटाउन थालिएको छ ।



कोशी प्रदेश सरकारको लगानीमा दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका-४ खाल्ले र हलेसी तुवाचुङ नगरपालिका-११ राजापानीको सिमानामा पर्ने घर्तीभिरको चट्टान फुटाउन थालिएको हो ।

दिक्तेल-खानीडाँडा-आहाले-रेग्मीटार सडक निर्माणका लागि कोशी प्रदेश सरकार भौतिक पूर्वाधार विकास मन्त्रालयबाट चालू आर्थिक वर्ष २०८२/०८३ का लागि रु. दुई करोड बजेट विनियोजन भएको थियो । विनियोजित बजेटमा ठेक्का प्रक्रियाबाट निर्माण कम्पनीले रु. एक करोड सात लाख ७७ हजार आठ सय ४७ मा सम्झौता गरेर घर्तीभिरको चट्टान फुटाउन शुरु गरेको भौतिक पूर्वाधार कार्यालयका अधिकृत सीताराम राउतले जानकारी दिए ।

दिक्तेल-खानीडाँडा-आहाले-रेग्मीटार सडक दिक्तेल बजारबाट तराईका विभिन्न जिल्ला आवतजावत गर्ने सबैभन्दा छोटो दूरीको सडक भएकाले दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाले पहिलो प्राथमिकतामा राखेको छ । निर्माणाधीन सडकलाई जोड्नका लागि राजापानीस्थित घर्तीभिर बाधक बन्दै आएको थियो ।

सगरथामा लोकमार्गको दिक्तेल-गाईघाट सडकको कहुरे-फोक्सिङटार सडक लामो भएपछि दिक्तेल-रेग्मीटार सडक निर्माण सुरु गरिएको दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाका प्रमुख तीर्थराज भट्टराईले बताए ।

दिक्तेल-खानीडाँडा-रेग्मीटार सडकमा नियमित यातायात सञ्चालन भएमा पूर्वी तराईका विभिन्न जिल्ला यात्रा गर्न, जिल्लामा खाद्यान्न, हार्डवेयर, इन्धन लगायत दैनिक उपभोग्य वस्तु ढुवानीमा सहज हुने अपेक्षा गरिएको छ । घर्तीभिरमा रहेको चट्टान फुटाउन तथा यसअघि निर्माण गरिएका सडक सफा गर्नेगरी यस आर्थिक वर्षका लागि ठेक्का लगाइएको लेखा अधिकृत राउतले जानकारी दिए ।

तीव्रगतिमा निर्माण भइरहेको दिक्तेल-रेग्मीटार सडकमा पर्ने दिखुवा खोलामा मोटरेबल पुल निर्माणको काम पनि भइरहेको छ । प्रदेश सडक पुल सहयोग एकाई इटहरी र भौतिक पूर्वाधार विकास मन्त्रालयबाट पूर्वाधार विकास कार्यालय खोटाङमा प्राप्त रु. तीन करोड बजेटमा ठेक्का आह्वान गर्दा पिङ्गला अन्सुरी फूलबारी जेभीले रु. दुई करोड ७० लाखमा सम्झौता गरेर ट्रस पुल निर्माणको काम शुरु गरेको कार्यालयका कन्सल्टेन्सी इन्जिनियर अङ्कित भट्टराईले जानकारी दिए ।

दिखुवा खोलामा मोटरेबल पुल निर्माणका लागि गत जेठमै कोशी प्रदेश सरकारका निवर्तमान भौतिक पूर्वाधार विकास एवम् स्वास्थ्यमन्त्री भूपेन्द्र राईले शिलान्यास गरेका थिए । ट्रस प्रयोग गरेर निर्माण गरिने मोटरेबल पुलका लागि आवश्यक स्टिल ट्रष्ट कोशी प्रदेश सडक पुल सहयोग एकाइ इटहरीले निर्माण कम्पनीलाई उपलब्ध गराएको जनाइएको छ ।

दिखुवा खोलामा निर्माण शुरु गरिएको ट्रस पुलका लागि आवश्यक रु. दुई करोड बढीको स्टिल ट्रस निर्माण स्थलमा झारिएको जनाइएको छ । कच्ची अवस्थामा सञ्चालन हुँदै आएको दिक्तेल-रेग्मीटार सडकको दिखुवा खोलामा मोटरेबल पुल नहुँदा वर्षात्को समयमा करिब छ महिना यातायात ठप्प हुँदै आएको छ ।

कालोपत्रको काम अलपत्र परेको दिक्तेल-महुरे (२० किलोमिटर) तथा महुरे-राजापानी-रेग्मीटार सडक (२९ किलोमिटर) गरी दिक्तेल-रेग्मीटार सडक (५९ किलोमिटर) लामो छ । प्रदेश सरकारको लगानीमा निर्माणाधीन दिक्तेल-खानीडाँडा-आहाले-रेग्मीटार सडक कालोपत्र हुँदै गरेको दिक्तेल-महुरे-राजापानी-रेग्मीटार सडकभन्दा साढे १७ किलोमिटर छोटो हुने भएपछि जिल्लावासी पनि उत्साहित बनेका छन् ।

# भोजपुरमा आमाको नामबाट नागरिकता

**भोजपुर, फागुन ६।** जिल्ला प्रशासन कार्यालय भोजपुरले पहिलो पटक आमाको नामबाट नागरिकता जारी गरेको छ ।

जिल्लाको टेम्केमैयुङ गाउँपालिका-३ का आदित्य दर्नाललाई आमाको नामबाट नागरिकता प्रदान गरिएको प्रमुख जिल्ला अधिकारी राजन पौडेलले जानकारी दिए । प्रजिअ पौडेलले भने- 'बुबाको पहिचान नखुल्दा दर्नालले नागरिकता नपाएको अवस्थामा आमा बसन्ती दमाईंको नामबाट नागरिकता प्रदान गर्‍यौं ।'

जिल्ला प्रशासन कार्यालयको अभिलेख अनुसार आदित्यलाई ०९-०१-८२-०३८१० नम्बरको नागरिकता प्रदान गरिएको हो । आवश्यक प्रक्रिया र कागजात पुगेकाले प्रशासनमा आएर आमाको नामबाट नागरिकता लिन सक्ने जनाइएको छ ।

नागरिकता लिनका लागि जन्म दर्ता, शैक्षिक प्रमाणपत्र, आमाको नागरिकता, बुबा नभएको भनी सम्बन्धित स्थानीयबाट गरिएको मुचुल्का र अनुसूची फारम भर्नुपर्ने प्रशासन कार्यालयले जनाएको छ ।

# भोजपुरमा १३ पक्की पुल निर्माण

**भोजपुर, फागुन ६।** सङ्घीयता कार्यान्वयनपछि जिल्लाका विभिन्न भागमा प्रदेश सरकारले १३ वटा पक्की र १७ वटा झोलुङ्गे पुल निर्माण गरेको छ ।

पूर्वाधार विकास कार्यालयका प्रमुख राजनराज रेड्डीका अनुसार पिखुवा खोलामा रु. सात करोड ५० लाख, आरीखोलामा रु. तीन करोड, वेहेरे खोलामा रु. तीन करोड ५० लाख, खाल्डे पिखुवा खोलामा रु. दुई करोड ५० लाख, राउते खोलामा रु. तीन करोड ५० लाख, कावाखोला रु. सात करोड ५० लाख र श्यामखोला रु. तीन करोड ४२ लाखको लागतमा पक्की पुल निर्माण भएका हुन् ।

त्यसैगरी बङ्खुवा खोलामा रु. दुई करोड २५ लाख, गङ्खुवा खोलामा रु. चार करोड ५० लाख, सिक्तेल खोलामा रु. चार करोड, एखुवा खोलामा



रु. छ करोड ६० लाख, चिरखुवा खोलामा रु. पाँच करोड ६३ लाखमा पक्की पुल निर्माण भएका हुन् । तामुटारमा रु. छ करोड ३५ लाखमा निर्माणाधीन पुल अन्तिम चरणमा छ ।

# ट्रकको ठक्करबाट साइकलयात्रीको मृत्यु

**सुनसरी, फागुन ६।** सुनसरीको इटहरीमा ट्रकको ठक्करबाट एक साइकलयात्रीको मृत्यु भएको छ ।

इटहरीको मुख्य चोकबाट धरान तर्फ जाँदै गरेको प्रदेश १-०२-००२ ख ०५९२ नम्बरको ट्रकले साइकलमा सवार मोरङ सुन्दरहरैचाका ४० वर्षीय कुमार श्रेष्ठलाई ठक्कर दिँदा उनको घटना स्थलमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता चन्द्र खड्काले जानकारी दिए ।

दुर्घटनामा मृत्यु भएका श्रेष्ठको शव परीक्षणका लागि धरानस्थित वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान ल्याइएको प्रहरीले जनाएको छ ।

ट्रक चालक तेह्रथुमका २७ वर्षीय दिलबहादुर मगरलाई प्रहरीले नियन्त्रणमा लिई घटनाबारे थप अनुसन्धान गरिरहेको प्रहरीले जनाएको छ ।

**कार्की ट्याक्सी सर्भिस**
दमक-बिर्तामोड-दानाबारी-जितपुर-मंगलबारे दैनिक सेवा रिजर्वको लागि पनि हामीलाई सम्झनुहोस्
छुट्ने समय
दमकबाट : बिहान ६ बजे
बिर्तामोडबाट : बिहान ७ बजे
मंगलबारेबाट : दिउसो १२ बजे
सम्पर्क (चालक)
सन्तोष ९८०६०१८१७४, ९८४०३८७६७५
जीवन कार्की ९८१७९४०१७३
मे १ ज १६७०

**विशेषज्ञ डाक्टरहरूको सेवा अब कान्तिपुर मेडिसीन सेन्टर**
उपचार हुने रोगहरू :
- उच्च रक्तचाप (Blood pressure)
- सुगर, हर्मोन, थाइराइड विशेषज्ञ
- वरिष्ठ मानसिक रोग विशेषज्ञ
- वरिष्ठ छाला, यौन रोग विशेषज्ञ
- वरिष्ठ बाल रोग विशेषज्ञ
- स्त्री तथा प्रसुति रोग विशेषज्ञ
यहाँ रेबिजबिरुद्धको भ्याक्सीन लगाइन्छ । साथै प्याथोलोजी सेवा पनि उपलब्ध छ ।
अदुवा पुल छेउ गणेश पेट्रोल पम्पसँगै बिर्तामोड, झापा (फोनः ०२३-५३२८४५)

अब बिर्तामोडमा
डा. पितामबर ठाकुर
MBBS. MD(TU)
NMC NO. 1914
मेची अञ्चल अस्पतालका Ex-Superintendent वरिष्ठ फिजिसियन
हरेक दिन बिहान ११:०० देखि १:०० र दिउसो ३:०० देखि ५:०० बजेसम्म
के तपाईलाई तलका मध्ये कुनै समस्या छ ?
पेट सम्बन्धी समस्या, मुद सम्बन्धी समस्या, राति निद्रा नलाग्ने, छाती दुख्ने, फोक्सो सम्बन्धी समस्या, बाथ, थाईराईड, रक्तचाप, मधुमेह
डाक्टर आउने समय : बिहान ११:०० बजेदेखि ५:०० बजेसम्म
(+977) 9817964771
(+977) 023-590008
THAKUR POLYCLINIC
Birtamode-1, Jhapa, Nepal
Opposite of Paschim Bus Stand

**गणपति बेकरीका परिकारहरुका लागि हामीलाई सम्झनुहोस् ।**
Ganapati Bakers
Finest Bakery in town
सम्पर्क नम्बर :
बिर्तामोड : ९८१०९४४५७७
काँकरभिट्टा : ९८२०५४४५७७
भद्रपुर : ९८२०१४४५७७

**वैदेशिक रोजगार**
यहाँबाट दुबई, कतार, कुवेत, मलेशिया, साउदी अरब लगायतका देशहरुमा भरपर्दो राम्रो कम्पनीमा कामदारहरु पठाउने व्यवस्था गरिएको छ । सम्पर्क गर्नुहोला ।
HK EMPLOYMENT SERVICES PRIVATE LIMITED
सम्पर्कः ९८४२६३४८७४, ९८१६०४९८७६, ०२३-५३५९७३
बिर्तामोड, झापा

**सेफ्टी ट्यांकी चाहिएमा**
अब झापामा सेफ्टी ट्यांकी सफा गर्नु परेमा राम्रो सेफ्टी ट्यांकीलाई सम्पर्क गर्नुहोस् । सस्तो, भरपर्दो, छिटो र छरितो सेवा उपलब्ध छ ।
सम्पर्कः शिवसताक्षी, कन्काई, बिर्तामोड, धुलाबारी, अर्जुनधारा, बुधबारे
देवराज गिरी
९८१३६७६६२२/९८४२०७०५८६/९७०६९९६४०६

**हामीलाई सम्पर्क गर्नुहोस्**
सेक्युरिटीमा जागिर खानु परे वा सेक्युरिटी चाहिएमा हामीलाई सम्पर्क गर्नुहोस् । हामी तपाईहरुको आवश्यकता पूरा गर्नेछौं ।
नोटः सिबिल वा रिटायर जुनै भए पनि हुनेछ ।
सेभेन स्टार सेक्युरिटी सर्भिस प्रा. लि.
SEVEN STAR SECURITY SERVICE PVT. LTD.
फोन : ०२३-५९१०९५,
मो. ९८०१४१६८४०, ९८०१४१६८४१
मो. ९८०१४१६८४२, ९८०१४१६८४३

**आयुर्वेद उपचार**
यहाँ पाइल्स, फिस्टुला, फिसरको विशेषज्ञ डाक्टरद्वारा सफल उपचार गरिन्छ । साथै शरीरका सम्पूर्ण रोगहरुको पनि उपचार गरिन्छ ।
सुश्रुत आयुर्वेद अस्पताल प्रा.लि.
काँकरभिट्टा रोड, बोलबम पेट्रोलपम्पसँगै काली मन्दिर छेउ, बिर्तामोड
सम्पर्क : ९८१८७९३९८६, ९८५२६८८९८६

**होटल समृद्धि सुरुङ्गा**
एसी हल, एसी रुम, बर्थ डे हल, शान्त वातावरणमा खाना/बस्नसहितको विशेष सुविधा अब होटल समृद्धि सुरुङ्गमा ।
होटल समृद्धी
हरिकुल बोर्डिङ्ग छेउ, हाइवे उत्तर कनकाई नपा, सुरुङ्गा, झापा
सम्पर्क : ९८२२१९५२७३, ९८५२६७१४२२

**UAE मा रोजगारीको अवसर**
Unified International Group
७ दिनमा भिषा आउने
कम्पनीः युनाइटेड इन्टरनेशन ग्रुप LT No . 309924
पद : मेसन, कार्पेन्टर, स्टील फिक्चर, हेल्पर
ASIA LINK SERVICES (P) LTD .
BRANCH OFFICE : BIRTAMOD, JHAPA
Tel: 023-535072 / 531287
Mob: 9852674809 / 9863714421
9807963795 / 9816015488
email:
asialinkjhapa@gmail.com
phagdhakgroup@gmail.com

**सेक्युरिटी गार्ड चाहिएमा सम्पर्क गर्नुहोस् ।**
कुनै पनि संस्था, बैंक, उद्योग, स्कूल, मार्केट लगायत जुनसुकै क्षेत्रमा सेक्युरिटी गार्ड चाहिएमा सम्पर्क गर्नुहोला । साथै सेक्युरिटीमा काम गर्न चाहने इच्छुक महिला तथा पुरुषहरुले पनि तुरुन्त सम्पर्क गर्नुहोला ।
सम्पर्क :
सेक्टर वान सेक्युरिटी सर्भिस
बिर्तामोड-१, झापा, हिमरेश मार्ग
फोनः ९७०००६८५४०, ९८०१४४५००३

उच्च गुणस्तर सुलभ मूल्य
**सयपत्री बालुवा प्रशोधन उद्योग**
यहाँ आधुनिक प्रविधिद्वारा प्रशोधित बालुवा, गिटी आदि निर्माणजन्य सामग्री सुपथ मूल्यमा पाइनुका साथै तुरुन्त डेलिभरी समेत गरिन्छ ।
सम्पर्क : ९८६६२४२४६६
Whatsp:
९८४२६५४४००/९८०४९५४४००
अर्जुनधारा नपा- ४, झापा

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।
**झापा सेफ्टी ट्यांकी तथा ढल सफाई**
बिर्तामोड सम्पर्क राजुकुमार श्रेष्ठ ९८५२६४६००५, ९८०६०१०४१०, ९८४२६३४६२, ०२३-५४६००५
दमक सम्पर्कः देवी सिटौला ९८२४९७९१८५, ९८४२७६०२६५, ९८४२३३२४३०
झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

DRISHTI Eye Care System
TRUSTED BY MORE THAN 1.1 MILLION+ PATIENTS
**प्रत्येक दिन आँखाको शल्यक्रिया**
१) मोतियाविन्दुको शल्यक्रिया
२) जलविन्दुको शल्यक्रिया
३) आँखाको पर्दा (रेटिना)को शल्यक्रिया
४) आँखाको डेढोपन (छड्के आँखा)को शल्यक्रिया
५) आँखाको नानी प्रत्यारोपण (शल्यक्रिया)
Visit our Website www.drishtieye.org
सबैका लागी दृष्टि सधैंका लागी दृष्टि

**आरोग्य मल्टि-स्पेसियलिटी डेन्टल क्लिनिक**
१५ वर्षको अनुभवसँग तपाईको सेवामा :
हामीले प्रदान गर्ने सेवाहरू :
- दाँतका सम्पूर्ण समस्याको समाधान
- आर्थोडन्टिक उपचार (braces)
- दाँत सफा गर्ने (Scaling)
- ब्रिज, क्राउन र इम्प्लान्ट (implant)
- बालबालिका दाँत उपचार
निःशुल्क चेक-अप र आर्थोडन्टिक परामर्श लिनुहोस् ! तपाईको सेवामा !
हाम्रो स्थानहरू :
बिर्तामोडमा हिकोला रोड
फोन नं. ९८६९१८३०४२
शनिश्चरेमा NIC एशिया बैंकको तल फोन नं. ९८१७०५६११८

शुद्ध दूधको स्वस्थ उत्पादन
**कोसेली**
"सुखद् उत्सव होस वा पारिवारिक समारोहमा कोसेली सधैं तपाईहरुको साथमा"
दूध तथा दूधबाट बनेका सम्पूर्ण उत्पादनहरु बिर्तामोड एरियामा होम डेलिभरीसहित उपलब्ध छ । साथै क्याटरिङ तथा पार्टी भोजका लागि चाहिने सम्पूर्ण दूध परिकार र मिनी रसवरी पनि उपलब्ध छ ।
कालिका डेरी,
कृषिथोक पूर्वगेट बिर्तामोड,
फोन नं.: ०२३-५३४१२९
९८५२६४४१२९, ९८०२३१३२७२

**वैदेशिक रोजगार**
अब वैदेशिक रोजगारीका लागि भरपर्दो मेनपावर बिर्तामोडमा
हामीलाई सम्पर्क गर्नुहोस् । बिना झन्झट राम्रो तलब (सेलरी)मा तपाईलाई वैदेशिक रोजगारमा हामी पठाउँछौं ।
सम्पर्क :
GLOBAL RECRUIT EXPERTS
Branch Office: Birtamode, Jhapa
Near Aduwa Khola Behind Binayak hotel
Birtamode, jhapa, Nepal
Phone No. :
023-590528, 9702959640, 9702959641, 9702959642, 9702959643, 9806004031
email: globalrecruitexperts9@gmail.com

**वैदेशिक रोजगार**
के तपाई विदेश जान चाहनुहुन्छ ? यदि सस्तो, भरपर्दो र विश्वासिलो मेनपावरको खोजीमा हुनुहुन्छ भने ब्रदर्श इन्टरनेशनल इम्प्लोइमेन्ट प्रालिलाई सम्झनुहोस् । हामी दुबई, कतार, कुवेत, मलेशिया, साउदी अरबमा डाइरेक्ट कम्पनीमा कामदारहरु पठाउने व्यवस्था गरिएको छ ।
सम्पर्कः ९८०१४०१३००, ९८०१४२७३०१, ९८०१४२७३०३
बिर्तामोड, झापा

**सिलिङ सम्बन्धीको सम्पूर्ण काम गर्नुपरेमा हामीलाई सम्झनुहोस्**
यहाँ गुणस्तरीय सामानको प्रयोग गरी जिप्सन, फल्ससिलिङ, २x२ जिप्सन तथा २x२ सिमेन्ट बोर्ड सिलिङ साथै पीभीसी सिलिङ र सिमेन्ट बोर्ड पाटेसन सम्बन्धी सम्पूर्ण काम दक्ष प्राविधिकबाट गरिनुका साथै सिलिङ सम्बन्धी सम्पूर्ण सामान होलसेल तथा खुद्रा मूल्यमा उपलब्ध छ । आजै सम्पर्क गर्नुहोस् मौकाको फाइदा लिनुहोस् ।
बिर्तामोड :
झापा फल्स सिलिङ हाउस
९८१७९९७२१२, ९८२५९१४४३०
उर्लाबारी : उर्लाबारी इन्टेरियर डेकोर
फोन नं. : ९८११३४८२४३

**ताप्लेजुङ -पाथीभरा सफल यात्रा**
बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बु, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।
ताप्लेजुङ पाथीभरा काउन्टर
मो. : ९८०३२५०४७२
९८०१३६४०९३

**हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार**
पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।
जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।
स्पार्क पूर्वाञ्चल अस्पताल, कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा
(फोन : ०२३-५३०१२३, ९८०३१५४६१९, ९८१४०३२६६२, ९७६२९००२८८)